# दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०७८/१०/१८

**भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी ३५ दिने सूचना**

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगले भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि राष्ट्रिय भूमि आयोको मिति २०७८/०९/२५ गतेको प्रकाशित सूचना बमोजिम मिति २०७८/१०/१८ गतेका मितिले ३५ दिन (२०७८/११/२४) गतेभित्र दंगीशरण गाउँपालिकामा बसोबास गर्ने सम्पूर्ण भूमिहिन दलित,भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी घरदैलोमा खटिएका लगत संकलक वा सम्बन्धित वडा कार्यालय वा वडा कार्यालयले तोकेको स्थानमा गई निवेदन दिनुहुन सम्बन्धित सबैमा यो सूचना जानकारीका लागी अनुरोध गरिन्छ ।
**पुनश्च:** यस अघि निवेदन दिइसकेकाहरुले निस्सा लिन र जग्गा नापजाँच/चेकजाँच गराउन सम्पर्क गर्नु हुन अनुरोध छ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

| भूमिहिन दलित/भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थित बसोबासको हकमा |
|---|---|
| १) परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी (अनिवार्य)<br>२) परिवारमूली र परिवारमूली पति/पत्निको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति।<br>३) नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कूनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छु भनी गरेको स्वयं घोषणा ।<br>४) आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आय आर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वयं घोषणा ।<br>५) सरकारी अनुदान वा सहयोगबाट यस अघि नेपाल राज्यभर कुने पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनी गरिको स्वयं घोषणा ।<br>६) जग्गाधनी पूर्जा भएको तर नदी कटान,पहिरो,डुबान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना पनि नभएकाको हकमा त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम रहेको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र ।<br>७) वडा समितिको बैठकबाट निज भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय ।<br>८) उपभोगको प्रमाण सम्बन्धी अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपी । | १) परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी(अनिवार्य)<br>२) परिवारमूली र परिवारमूली पति/पत्निको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति।<br>३) उपभोगको प्रमाण सम्बन्धि कागजातको प्रतिलिपी। जस्तै: घरसार कागजको प्रतिलिपी, बसाईसराईको प्रतिलिपि, मतदाता परिचयपत्र,विद्युत पानीको महसुल बुझाएको प्रमाण,घर नक्सापासको प्रतिलिपि, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको प्रमाण आदि(उपलब्ध भए सम्म)<br>४) आफु र परिवारका सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तहको रसिद वा पत्र ।<br>५) भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा १० वर्ष अघिबाट निज बसोबास गरी आएको जग्गा आवाद कमोद भई आएको हो भनी वडा समितिले गरेको निर्णय र सिफारिस,<br>६) अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ ग. बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्व सहितको आवास प्राप्त गरेको छैन भनि गरेको स्वयं घोषणा<br>७) वडा समितिको बैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय<br>८) उपभोगको प्रमाण सम्बन्धी अन्य कागजातहरु भए सोको प्रमाणित प्रतिलिपी । |

बहादुर खड्का
अधिकृत